# म्याग्दे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः८ संख्याः०८ प्रकाशन मितिः

म्याग्दे गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखित बमोजिको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) कमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

**भाग-२**

**कृषि एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८१**

गाउँपालिकाबाट स्वीकृत मितिः२०८१/०८/२७

# म्याग्दे गाउँपालिकाको कृषि एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

**प्रमाणीकरण मिति २०८१।०७।२६**

**प्रस्तावनाः**

म्याग्दे गाउँपालिका भित्र खासगरी उत्पादन हुने कृर्षिजन्य फसल को विउ विजन लगाएत सवै उत्पादीत सामानहरुको स्थानीय स्तरवाट ढुवानी गरी कोल्ड स्टोरमा भण्डार, व्यवस्थापन, र कृर्षकको उत्पादन लाई वजारीकरण गर्न र कृर्षक लाई उत्पादनमा उत्प्रेरीत गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी म्याग्दे गाउँपालिका गाउँ कार्यपालिका ले देहायको कार्यविधि जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम " म्याग्दे गाउँपालिका को कृर्षि एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कृषि एम्वुलेन्स " भन्नाले कृर्षि जन्य फसलको स्थानीय स्तरवाट ढुवानी गरी वजार सम्म पुर्‍याउने तथा आवश्यक्ता अनुसार कोल्ड स्टोरमा सुरक्षीत भण्डार गर्ने गरी सञ्चालन भएको सवारी साधन लाई जनाउँछ ।

(ख) "कृषि एम्वुलेन्स जनशक्ति" भन्नाले कृषि जन्य फसलहरु उत्पादन स्थलवाट वजार सम्म ल्याउने तथा सुरक्षीत भण्डारण गर्नको लागी खटिने आवश्यक जनशक्ती सम्झनु पर्छ

(ग) "चालक" भन्नाले कृर्षि एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले म्याग्दे गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) "सेवा शुल्क" भन्नाले कृषि एम्वुलेन्स मार्फत कृषि जन्य फसलहरु ओसार पसरा गर्दा लाग्ने भाडा तथा कोल्ड स्टोर मा कृर्षि जन्य फसल राखेवापत कृर्षक सग लिईने नियमानुसारको बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठीत ७ सदस्यीय कृषि एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन य तथा अन्तसमिति सम्झनु पर्छ ।

(छ) कृषि एम्वुलेन्स अनुगमन समिति भन्नाले दफा ४ बमोजिमको समिति लाई जनाउछ ।

(ज) "सेवा" भन्नाले कृषि एम्वुलेन्स मार्फत उत्पादक तथा कृर्षक लाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

(झ) "सहयोगी सस्था " भन्नाले कृषि एम्वुलेन्स खरिद ब्यवस्थापन र र मर्मतको लागी गाउँपालिका लाई सहयोग गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय गै..स.स., कम्पनी र सहयोगी संघ सस्था लाई जनाउछ ।

**३. कृषि एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति :**

(१) कृषि एम्वुलेन्स सञ्चालन व्यवस्थापन, संरक्षण र रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको कृषि एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

**तपशिल**

१, आर्थिक विकाश समितिको संयोजक :– अध्यक्ष

२, आर्थिक विकाश समितिको उपसंयोजक :–सदस्य

३, गाउँकार्यपालिका ले तोकेको कार्यपालिका को १ जना सदस्य :–सदस्य

४, पालिका भित्रका कृर्षि सहकारी मध्येवाट पालिकाले तोकेको सहकारीको १ जना अध्यक्ष :– सदस्य

५, पालिका भित्र दर्ता भएका कृर्षक समुह मध्येवाट कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना सदस्य :– सदस्य

६, पालिकाको कृर्षि शाखा प्रमुख :– सदस्य सचिव

**४. कृषि एम्वुलेन्स अनुगमन समिति :**

गाउँपालिका को अनुगमन समिति ले नै कृषि एम्वुलेन्स को अनुगमन समिति भई कार्य गर्ने छ ।

**५, वैठक सम्वन्धी व्यवस्था**

(१) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक वस्दा चिया खाजा वाहेक कुनै पनि भत्ता भुक्तानी हुने छैन ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**६, समितिको दर्ता, खाता सञ्चालन तथा आर्थिक कारोवार , आय तथा अनुदान सम्वन्धी व्यवस्था**

कोल्ड स्टोर सञ्चालन तथा व्यवस्थापन समिति का अध्यक्ष, सदस्य सचिव यस कृषि एम्वुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति समेत सोही पदमा रहेको हुदा यी दुवै समितिको खाता एकै रहने छ । सोही

बमोजिम अध्यक्ष, र सदस्य सचिव मार्फत वैंक खाता सञ्चालन हुने छ। समिति को आय सेवा शुल्क र अनुदान हुने साथै गाउँपालिका ले सभा वाट विनियोजन भए अनुसार मर्मत, सवारीचालक तलव लगाएत को सञ्चालन खर्च अनुदान दिनेछ। सो को लेखा राख्ने र लेखा परिक्षण गर्ने कार्य समिति मार्फत नै हुनेछ ।

**७. समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कृषि एम्वुलेन्स लाई दिगो, पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गर्ने ।

(ख) प्रचलीत कानुन अनुसारका आचारसंहिता पालना गर्ने गराउने ।

(ग) कृषि एम्वुलेन्स सञ्चालन सम्वन्धमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने

(घ) सेवाको निश्चित मापदण्डको आधारमा सेवा शुल्क निर्धारण गर्ने। एक पटक निर्धारण भएको शुल्क दुई वर्ष नपुगि पुनरावलोकन गर्न नपाइने ।

(च) सरोकारवाला तथा अन्य सङ्घसस्थाहरु बिच आवश्यकता अनुसार कृषि एम्वुलेन्स सञ्चालन बारे समिक्षा बैठक गर्ने ,

(छ) उत्पादक तथा कृषकको उत्पादन लाई वजार र भण्डारगृहमा सुरक्षीत भण्डारणको लागी कृषकको माग तथा आवश्यक्ता लाई ध्यानमा राखि कृषि एम्वुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(ज) सेवाशुल्क रकम कोषमा जम्मा गर्ने , नियमानुसार खर्च र लेखापरिक्षण गर्ने ।

(झ) समितिको सदस्य-सचिवले आय, व्यय सहित सेवा प्रवाह सहितको अद्यावधिक प्रगती विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**(८) कृषि एम्वुलेन्स सञ्चालनमा सहयोग लिन व्यवस्था** :– कृषि एम्वुलेन्स खरिद व्यवस्थापन र मर्मतको लागी गाउँपालिका लाई सहयोग गर्न चाहाने राष्ट्रिय तथा अन्तराष्ट्रिय गै..स.स., कम्पनी र सहयोगी संघ सस्था ले गाउँपालिका लाई कृषि एम्वुलेन्स खरिद, मर्मत र सञ्चालनको लागी नगद तथा सोझै कृर्षि एम्वुलेन्स दिन चाहेमा गाउँपालिका ले त्यस्तो सस्था लाई धन्यवाद सहित सहयोग लाई स्वीकार गर्नेछ।

**(९) कृर्षि एम्वुलेन्स सेवा शुल्क सम्बन्धी व्यवस्था :**

(१) कृर्षि एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले समिति ले तोके बमोजिमको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) कृर्षि एम्बुलेन्स सेवा बापत उठेको रकम समिति ले बैक खाता/कोष खडागरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि समिति ले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता समितिमा राखीने छ ।

(४) सेवा दिएबापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम समिति ले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, कृर्षि एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**(१०) कृर्षि एम्वुलेन्स  चालकको नियुक्ती र सेवा सुविधा :**

(१) कृर्षि एम्बुलेन्स सेवा संचालनका लागि  समिति को सिफारीस अनुसार गाउँ कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै कार्यविधि बमोजिमको कोषबाट वेहोरिने छ ।

(३) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची-२ बमोजिम हुनेछ ।

**(११) कृषि एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार :**

(१) कृर्षि एम्बुलेन्स म्याग्दे गाउँपालिका कार्यालय  वा कोल्ड स्टोर रहेको स्थानमा रहनेछ ।

(२) कृर्षि एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी समिति र  चालकको हुनेछ ।

**(१२) विविध** :

(१) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिशमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**आज्ञाले**
**नारायण प्रसाद अधिकारी**
**प्रमखु प्रशासकीय अधिकृत**